# लोक सेवा आयोग
# इलाम कार्यालय

इलाम

## सब-इञ्जिनियर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ४५/०८२-८३, मितिः २०८३/०२/२५**

लोक सेवा आयोग, धनकुटा कार्यालय, धनकुटाको वि.नं. १०१०२/०८२-८३ **(दलित)**, **इञ्जि.** सेवा, **सिभिल** समूह, **जनरल** उपसमूह, **रा.प.अनं.प्रथम श्रेणी (प्राविधिक)**, **सब-इञ्जिनियर** पदमा **इलाम परीक्षा केन्द्र** राखी Online मार्फत दरखास्त पेश गरी स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु **द्रष्टव्यमा** उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | परीक्षा अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) | वस्तुगत बहुवैकल्पिक (Objective MCQs) | **२०८३/०३/०६ गते बिहान ९:०० बजे** | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based-Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based-Knowledge) | विषयगत (Subjective) | **२०८३/०३/०६ गते बिहान १०:१५ बजे** | २ घण्टा १५ मिनेट |

### परीक्षा भवन

| सि.नं. | रोल नं. | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | सबै उम्मेदवार | | श्री लोक सेवा आयोग, इलाम कार्यालय, इलामको परीक्षा हल |

द्रष्टव्यः

- परीक्षार्थीले आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक **सक्कलै परिचयपत्र** अनिवार्य रुपमा साथै लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्नेछ।
- परीक्षार्थीलाई तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन।
- परीक्षा भवनमा मोबाइल, स्मार्ट वाच वा अन्य इलेक्ट्रोनिक्स डिभाइस र ब्याग(झोला) निषेध गरिएको छ।
- परीक्षामा **कालो मसी** भएको कलम/डटपेन मात्र प्रयोग गर्नुपर्नेछ।
- वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाइने छैन।
- आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।
- वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठुलो अक्षर (Capital Letter) A, B, C, D मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।
- सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहित कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनुपर्नेछ।

| ............................... | ............................... | ............................... |
|---|---|---|
| (सुशिल पाण्डे) | (रन्जित कुमार यादव) | (किसान न्यौपाने) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |